# नेपाल कम्युनिष्ट पार्टी (एमाले)
# जनसङ्गठन समन्वय सम्बन्धी निर्देशिका–२०७८

नेकपा (एमाले)सँग सम्बद्ध जनसङ्गठनहरूलाई व्यवस्थित तथा समन्वयात्मक रूपले परिचालन गर्न नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)को विधानको धारा-९१ तथा नियमावलीको परिच्छेद ८ को दफा ६१ बमोजिम 'जनसङ्गठन समन्वय सम्बन्धी निर्देशिका- २०७८' मिति २०७८ माघ १९ मा जारी गरी लागू गरिएको छ ।

## अध्याय–एक
## संक्षिप्त नाम र प्रारम्भ

क) यो निर्देशिकाको नाम 'नेपाल कम्युनिष्ट पार्टी (एमाले), जनसङ्गठन समन्वय सम्बन्धी निर्देशिका- २०७८' रहेको छ । छोटकरीमा यसलाई 'निर्देशिका' भनिनेछ ।

ख) यो 'निर्देशिका' नेकपा (एमाले), केन्द्रीय कमिटीले पारित गरेपछि लागू हुनेछ ।

## अध्याय : दुई
## परिभाषा

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

क) 'पार्टी' भन्नाले नेकपा (एमाले) लाई जनाउनेछ ।

ख) 'विधान' भन्नाले नेकपा (एमाले) को विधानलाई जनाउनेछ ।

ग) 'नियमावली' भन्नाले नेकपा (एमाले) को नियमावलीलाई जनाउनेछ ।

घ) 'निर्देशिका' भन्नाले 'जनसङ्गठन समन्वय सम्बन्धी निर्देशिका- २०७८' लाई जनाउनेछ ।

ङ) 'जनसङ्गठन' भन्नाले पार्टी विधानको धारा ९१ र पार्टी नियमावलीको परिच्छेद ८ को दफा ६१ मा उल्लिखित तथा परिभाषित सङ्गठनहरूलाई जनाउनेछ ।

च) 'जनसङ्गठन समन्वय संयन्त्र' भन्नाले पार्टी विधानको धारा ९१ बमोजिम गठित संयन्त्रलाई जनाउनेछ ।

## अध्याय : तीन
## समन्वयात्मक ढाँचा

क) जनसङ्गठन समन्वय संयन्त्रको गठन सम्बन्धित तहको पार्टी कमिटीले सोही तहमा क्रियाशील जनसङ्गठनहरूलाई समेटेर निर्माण गर्न सक्नेछ ।

ख) हरेक तहको पार्टी कमिटीले विधानतः तोकेको सम्बन्धित कमिटीको पदाधिकारी वा सदस्य जनसङ्गठन समन्वय संयन्त्रको संयोजक/सहसंयोजक हुनेछन् ।

ग) जनसङ्गठन समन्वय संयन्त्रमा पार्टीद्वारा तोकिएका संयोजक/सहसंयोजक, जनसङ्गठनहरूमा पार्टीद्वारा खटाइएका इन्चार्ज/सहइन्चार्ज तथा सोही तहका जनसङ्गठनका अध्यक्षहरू सदस्य रहनेछन् । संयन्त्रको सदस्य हुने कुनै पनि सङ्गठनको अध्यक्ष अनिवार्य रूपले पार्टी सदस्य हुनुपर्नेछ ।

## अध्याय : चार

## पार्टी र जनसङ्गठनको अन्तरसम्बन्ध

क) नेकपा (एमाले)का नीतिहरूलाई विनाशर्त लागू गर्नु संयन्त्र र त्यसमा आबद्ध सङ्गठनहरूको दायित्व हुनेछ ।

ख) पार्टीका नीतिहरूमा कुनै सल्लाह, सुझाव र टिप्पणी गर्नुपर्ने भएमा आफ्नो कमिटीको बैठकद्वारा पारित गरी त्यही तहको पार्टी कमिटीमा लिखित रूपले बुझाउनुपर्नेछ ।

ग) पार्टीसँग 'नीतिगत आबद्धता तथा सङ्गठनात्मक स्वायत्तता'को नीतिअनुरूप नै जनसङ्गठनहरू परिचालित हुनेछन् ।

घ) जनसङ्गठनहरूलाई पार्टीका लागि योग्य कार्यकर्ताहरू उत्पादन गर्ने माध्यमका रूपमा समेत परिचालित गरिनेछ । आफ्नै पहल र योजनामा नेतृत्व निर्माण र विकास गर्ने ध्येयका साथ जनसङ्गठनहरू क्रियाशील हुनेछन् ।

ङ) जनसङ्गठनमा क्रियाशील पार्टी सदस्यहरूको पार्टी हैसियत निम्नानुसार हुनेछः

- जनसङ्गठनका केन्द्रीय कमिटीका पदाधिकारीहरू- पार्टी प्रदेश कमिटी सदस्य सरह ।
- जनसङ्गठनका केन्द्रीय कमिटीका सदस्यहरू र प्रदेश कमिटीका पदाधिकारीहरू- पार्टी जिल्ला कमिटी सदस्य सरह ।
- जनसङ्गठनका प्रदेश कमिटी सदस्यहरू तथा जिल्ला कमिटीका पदाधिकारीहरू- पार्टी संघीय निर्वाचन क्षेत्रीय कमिटी सदस्य सरह ।
- जनसङ्गठनका जिल्ला कमिटीका सदस्यहरू- पार्टी गाउँ तथा नगर कमिटी सदस्य सरह ।
- सम्बन्धित व्यक्तिले उल्लिखित हैसियतका लागि पार्टी विधानमा तोकिएको मापदण्ड पूरा गरेको हुनुपर्नेछ ।
- उल्लिखित हैसियत पार्टी कमिटीमा प्रतिस्पर्धा गर्नका लागि मात्र मापदण्डका रूपमा मानिनेछ । तर, दैनिक काम तथा व्यवहारमा भने सम्बन्धित सङ्गठनको हैसियतलाई नै

प्रयोग गरिनेछ । पार्टी कमिटीमा संगठित पार्टी सदस्यहरूको हकमा यो व्यवस्था आकर्षित हुनेछैन ।

च) प्रत्येक जनसंगठनका प्रमुखहरूले आफ्नो सङ्गठनको वार्षिक प्रतिवेदन इन्चार्जमार्फत् सम्बन्धित पार्टी कमिटीमा पेस गर्नुपर्नेछ र त्यसको एक प्रति संयन्त्रमा बुझाउनुपर्नेछ ।

छ) जनसङ्गठनमा काम गर्नेहरूको मूल्यांकन निजले सम्बन्धित सङ्गठनमा खेलेको भूमिकाको आधारमा गरिनेछ । पार्टी सदस्यता, जनप्रतिनिधिमूलक निकायको निर्वाचन तथा राजकीय मामलामा पार्टीका तर्फबाट प्रतिनिधित्व गराउँदा जनसङ्गठनमा काम गरेका व्यक्तिहरूलाई समेत सामेल गर्न पार्टीले उचित ध्यान दिनेछ ।

ज) कुनै पनि सङ्गठनभित्रका अन्तरविरोधहरूको हल गर्नु त्यही सङ्गठनको जिम्मेवारी र दायित्व हुनेछ ।

झ) एक व्यक्ति सामान्यतया एउटा जनसंगठनमा मात्रै संगठित हुन सक्नेछ ।

ञ) जनसङ्गठनका नियमित कार्यक्रममा पार्टीका नेताहरू सहभागी गराउँदा सामान्यतया निम्नानुसारको विधि अपनाइनेछः

- जनसङ्गठनका केन्द्रीय अधिवेशन/सम्मेलन/भेला/प्रशिक्षण वा राष्ट्रिय/अन्तर्राष्ट्रिय महत्वका कार्यक्रममा सम्बन्धित सङ्गठनले आवश्यक ठानेमा इन्चार्ज/सहइन्चार्जको समन्वयमा पार्टीका नेता तथा अन्य राष्ट्रिय व्यक्तित्वलाई प्रमुख अतिथि बनाउन सक्नेछ ।

- महासंघीय ढाँचाका जनसङ्गठनका केन्द्रीय संघहरूसहित जनसङ्गठनहरूका प्रदेश वा जिल्ला सम्मेलनहरूमा सामान्यतया सम्बन्धित सङ्गठनका नेताहरू नै प्रमुख अतिथि रहनेछन् ।

ट) जनसंगठनहरूको राष्ट्रिय महाधिवेशन/अधिवेशन र सम्मेलनको नेतृत्व निर्वाचन पार्टीको केन्द्रीय निर्वाचन आयोगमार्फत सहजिकरण गरिनेछ ।

ठ) संयन्त्र तथा जनसङ्गठन परिचालनका लागि पार्टीद्वारा तोकिएका इन्चार्ज/सहइन्चार्जलाई नै पूर्ण जवाफदेही बनाइनेछ ।

ड) पार्टीद्वारा आयोजित विभिन्न सार्वजनिक कार्यक्रमहरूलाई सफल पार्नु सबै जनसङ्गठनको दायित्व हुनेछ ।

ढ) पार्टीको एकतालाई अक्षुण्ण राख्न आ-आफ्ना सङ्गठनका तर्फबाट भूमिका निर्वाह गर्नुपर्नेछ । पार्टीका अधिवेशनहरूमा हुने आन्तरिक प्रतिस्पर्धामा जनसंगठनहरूको भूमिका संस्थागत पक्षधरताको हुनेछैन ।

## अध्याय : पाँच

## अन्तर ऐक्यबद्धता तथा संयुक्त कार्यक्रमहरू

क) पार्टीमा आबद्ध जनसङ्गठनहरू एक-अर्काबाट अलग तर अन्योन्याश्रित संगठनहरू हुन् । समन्वय संयन्त्रले उनीहरूलाई जनसरोकारका विषयहरूमा आवश्यकता अनुसार परिचालन गर्न सहजीकरण गर्न सक्नेछ ।

ख) जनसङ्गठनहरूले विशेष महत्वका कार्यक्रमहरू जस्तै- महाविधेशन/अधिवेशन/सम्मेलन, महोत्सव, स्थापना दिवस, सार्वजनिक प्रदर्शन, निर्वाचन तथा समारोहहरूमा एक-आपसमा सहयोग गर्नुपर्नेछ ।

## अध्याय : छ
## बैठक

क) केन्द्रीय तह र प्रदेश तहमा जनसंगठन समन्वय संयन्त्रको दैनन्दिन कामलाई संयोजन गर्नका निमित्त एउटा सचिवालय रहनेछ ।

ख) संयन्त्र र त्यसको सचिवालयको बैठक आवश्यकता अनुरूप बस्नेछ ।

ग) बैठकका निर्णयहरू संयन्त्रका संयोजकले सम्बन्धित तहको पार्टीमा लिखित रूपमा प्रेषित गर्नेछ ।

## अध्याय : सात
## आर्थिक पारदर्शिता

क) संयन्त्र र संयन्त्रमा आबद्ध सबै सङ्गठनहरूले आफ्नो हरहिसाब चुस्त/दुरुस्त राख्नुका साथै आर्थिक पारदर्शितालाई अवलम्बन गर्नुपर्नेछ ।

ख) प्रत्येक सङ्गठनहरूले हरेक आर्थिक वर्ष समाप्त भएसंगै अनिवार्य रूपले लेखापरीक्षण गर्नुपर्नेछ ।

ग) संयन्त्रमा आबद्ध जनसङ्गठनहरूले लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित तहको पार्टी कमिटीमा बुझाउनुपर्नेछ ।

घ) संयन्त्रमा आबद्ध जनसंगठनहरुले आफ्नो केन्द्रीय महाधिवेशन/अधिवेशन/सम्मेलनभन्दा अगाडि अनिवार्य रूपमा पार्टीको केन्द्रीय लेखा आयोगमार्फत् आफ्नो लेखापरीक्षण गराउनुपर्नेछ ।

## अध्याय : आठ
## अध्ययन तथा वैचारिक काम

क) संयन्त्रमा आबद्ध सबै सङ्गठनहरूले आ-आफ्नो प्रशिक्षण पाठ्यक्रम बनाउनेछन् ।

ख) हरेक जनसङ्गठनहरूले केन्द्रदेखि जिल्ला तहसम्मका कमिटीमा सङ्गठित सदस्यहरूका लागि नियमित प्रशिक्षण सञ्चालन गर्नुपर्नेछ । प्रशिक्षणमा सैद्धान्तिक विषय र सङ्गठन व्यवस्थापनका अतिरिक्त सम्बन्धित जनसंगठनसंग सरोकार राख्ने विषय र पार्टीको राजनीतिक कार्यदिशासँग सम्बन्धित हुनेछन् ।

## अध्याय : नौ
## कमिटीका पदाधिकारी र सदस्य संख्या

क) सबै जनसङ्गठनहरूलाई आ-आफ्नो विधान मार्फत देहायको व्यवथा गर्न संयन्त्रले सहजीकरण गर्नेछः

- केन्द्रीय पदाधिकारीहरूको अधिकतम संख्या १७ हुनेछ । जसमा अध्यक्ष, महासचिव र कोषाध्यक्ष १/१ तथा उपाध्यक्ष, उपमहासचिव र सचिव १ भन्दा बढी हुन सक्नेछ । पदाधिकारी चयनमा समावेशीतालाई ध्यान दिनु पर्नेछ ।
- अनुसूची १ मा उल्लिखित जनसङ्गठनहरूको केन्द्रीय कमिटीको संख्या पदाधिकारीसहित अधिकतम २९९ हुनेछ भने अनुसूची २ मा उल्लिखित जनसङ्गठनहरूको केन्द्रीय कमिटीको संख्या पदाधिकारीसहित अधिकतम १५१ हुनेछ । केन्द्रीय कमिटीमा एक तिहाई महिला सहभागिताको नीति अबलम्बन गरिनेछ ।

## अध्याय : दश
## विविध

क) संयन्त्रमा आबद्ध सङ्गठनका औपचारिक कार्यक्रमहरू राष्ट्रिय गीत/धुनबाट सुरु गरिनेछ ।

ख) जनसंगठनहरूका औपचारिक कार्यक्रमहरूमा अतिथि र वक्ता समावेशी बनाउने कुरामा ध्यान दिनुपर्नेछ ।

ग) हरेक सङ्गठनले आन्तरिक प्रतिस्पर्धालाई स्वच्छ, स्वस्थ, पारदर्शी र लोकतान्त्रिक बनाउनका लागि महाधिवेशन/अधिवेशन/सम्मेलन सञ्चालन तथा निर्वाचन आचारसंहिता (कार्यविधि) बनाई लागू गर्न सक्नेछन् ।

## नेकपा (एमाले) सम्बद्ध जनसङ्गठनहरु

**अनुसूची १**

१. अखिल नेपाल महिला संघ

२. अखिल नेपाल किसान महासंघ

३. नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)

४. अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन

५. राष्ट्रिय युवासंघ, नेपाल

६. नेपाल उत्पीडित जातीय मुक्ति समाज

७. लोकतान्त्रिक आदिवासी जनजाति महासंघ, नेपाल

८. पेशागत महासंघ, नेपाल

९. नेपाल राष्ट्रिय उद्योग व्यवसाय महासंघ

१०. नेपाल खेलकुद महासंघ

**अनुसूची २**

१. प्रेस चौतारी नेपाल

२. राष्ट्रिय जनसाँस्कृतिक महासंघ

३. नेपाल बुद्धिजीवी परिषद्

४. राष्ट्रिय स्वास्थ्यकर्मी संघ

५. नेपाल भूमिहीन सुकुम्वासी सङ्गठन

६. नेपाल भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठन

७. प्रगतिशील तथा पेशागत कानुन व्यवसायी सङ्गठन

८. लोकतान्त्रिक राष्ट्रिय अपांग सङ्गठन नेपाल

९. प्रोग्रेसिभ इन्जिनियरिङ एसोसियसन नेपाल

१०. मानवअधिकार तथा सामाजिक न्याय मञ्च

११. नेपाल मुस्लिम इत्तेहाद सङ्गठन

१२. रिटर्नी फेडेरेशन, नेपाल